**अत्यावश्यक औषधिहरु तथा औषधिजन्य सामग्री खरिदका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं र नेपाल औषधि लिमिटेड, बबरमहल, काठमाडौं बिचको समझदारी पत्र**

स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं (प्रथम पक्ष)

र

नेपाल औषधि लिमिटेड, बबरमहल, काठमाडौं (दोस्रो पक्ष)

नेपाल औषधि लिमिटेडबाट उत्पादित औषधि खरिद, बिक्रि एवं सहजीकरणको लागि MOU गर्ने सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको (सचिवस्तर) मिति २०८१/०९/२३ को निर्णयानुसार गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुखज्यूको संयोजकत्वमा गठित समितिको मिति २०८१/११/२२ गतेको निर्णय एवं सिफारिस बमोजिम स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा र नेपाल औषधि लिमिटेड बीच आपसी छलफल गरि प्रचलित कानून बमोजिम तयार गरिएको समझदारी पत्रमा हामी प्रथमपक्ष र दोस्रोपक्षका बीच तपशिलमा उल्लेखित औषधि तथा औषधिजन्य सामग्रीहरु खरिद-बिक्रि गर्नका लागि दुवै पक्षले प्रथमपक्षको कार्यालयमा बसी तपशिलको साक्षीहरुको रोहबरमा राजिखुशी निम्न शर्तहरू बमोजिम मिति २०८२/०१/३१ गते बुधबारका दिन द्विपक्षीय सहमतिमा सहिछाप गरि एक-एक प्रति लियौं दियौं ।

**क) प्रथमपक्ष (स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु) ले पालन गर्नु पर्ने शर्तहरुः**

१. स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले खरिद गर्नुपर्ने आवश्यक औषधिको परिमाण र स्पेसिफिकेशन नेपाल औषधि लिमिटेडलाई समयमै उपलब्ध गराउने प्रवन्ध गर्ने ।

२. स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले खरिद गर्नुपर्ने औषधि तथा औषधिजन्य सामग्रीहरुको खरिद तथा आपूर्ति गर्नुपर्ने औषधि तथा औषधि जन्य सामग्रीको आपूर्ति तालिका (Time Schedule) नेपाल औषधि लिमिटेडलाई उपलब्ध गराउने ।

३. स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले औषधिको आपूर्ति पश्चात प्रक्रिया पुगाई नियमानुसार नेपाल औषधि लिमिटेडलाई समयमै भुक्तानीको लागि सहजीकरण गर्ने ।

४. स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले नेपाल औषधि लिमिटेडबाट खरिद गरिएका औषधि तथा औषधिजन्य सामग्रीहरु म्याद भित्रै प्रयोग गराउनु पर्नेछ, न्यून गुणस्तर भएमा नेपाल औषधि लिमिटेडले उक्त औषधि फिर्ता लिई सोहि परिमाणमा नयाँ गुणस्तरयुक्त औषधि सोधभर्ना लिने ।

५.खरिद सम्झौताका लागि सार्वजनिक खरिद अनुगमान कार्यालयले सोझै खरिदका लागी तयार गरेको नमुना कागजातलाई आधार मानि आवश्यक विषयवस्तुहरु थप गरि प्रयोग गरिनेछ।

**ख) दोस्रो पक्षको (नेपाल औषधि लिमिटेड) ले पालन गर्नुपर्ने सर्तहरुः**

१. नेपाल औषधि लिमिटेडले उत्पादन गर्ने औषधि तथा औषधिजन्य सामग्रीहरु ( Tablet Paracetamol (Cetamol), Powder Oral Rehydration Salt (Jeevan Jal), Tablet Cetirizine (Cetrimine); Tablet Metronidazole (Amgit), Tablet Folic Acid (Ardifolic) लगायतको नाम, बनावट, प्रकार, बिक्रि मूल्य आदि स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले माग गरे अनुसार वार्षिकरुपमा उपलब्ध गराउने।

२. नेपाल औषधि लिमिटेडले स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा टेकुबाट माथि उल्लेखित खरिद गरिने प्रत्येक औषधि तथा औषधिजन्य सानग्रीहरुको वार्षिक खरिद परिमाणको आवस्यकता अनुसार उत्पादन योजना बनाई समयमै औषधि आपूर्तिको सुनिश्चितता गर्ने ।

३. नेपाल औषधि लिमिटेडले स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले खरिद गर्ने औषधि सम्झौतामा उल्लेख भए बमोजिमको समयावधि भित्र उपलब्ध गराउनेछ ।

४. नेपाल औषधि लिमिटेडबाट स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखालाई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र अन्य प्रचलित कानुन अनुसार आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामग्रीहरुको GMP, COA (Certificate of Analysis), Finished Product Specification, Product Certificate बिलबिजक आदि समयमै उपलब्ध गराउने ।

५. नेपाल औषधि लिमिटेडले विशेष कारणवश समयमा औषधिको उत्पादन गरि आपूर्ति गर्न नसक्ने भएमा स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखालाई समयमै जानकारी गराउने ।

६. नेपाल औषधि लिमिटेडले कच्चा पदार्थको मूल्यमा उच्च वृद्धि भएमा स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखालाई समयमै जानकारी गराई मूल्य समायोजनको लागि पहल गर्ने ।

७. नेपाल औषधि लिमिटेडले स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखालाई बिक्रि गरेको औषधि वा औषधिजन्य सामग्री न्यून गुणस्तर भएमा उक्त औषधि फिर्ता लिई सोहि परिमाण नयाँ औषधि सोधभर्ना गर्ने ।

यो समझदारीमा उल्लेख गरेका सर्तहरु यसै बमोजिम र उल्लेख नगरेका सर्तहरु आपसी समझदारीमा प्रचलित कानुन बमोजिम हुनेछन् ।

| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम थर: डा. पवनजंग रायमाझी | नाम थर: श्री कैलाश कुमार पनेरु |
| पद: निर्देशक | पद: महाप्रवन्धक |
| कार्यालय: स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं । | कार्यालय: नेपाल औषधि लिमिटेड, बबरमहल, काठमाडौं । |
| मिति: २०८२/०१/३१ | मिति: २०८२/०१/३१ |
| कार्यालयको छाप: | कार्यालयको छाप: |

| साक्षी (प्रथम पक्ष) | साक्षी (दोस्रो पक्ष) |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| श्री दया कृष्ण पन्त, जनस्वास्थ्य प्रसाशक | श्री यज्ञ प्रसाद न्यौपाने, अध्यक्ष, संचालक समिति |
| हस्ताक्षर | हस्ताक्षर |
| श्री सुदिप आले मगर, जनस्वास्थ्य अधिकृत | श्री राजेन्द्र प्रसाद गुरागाई, वरिष्ठ अधिकृत |

इति संम्बत २०८२ साल वैशाख ३१ गते रोज ४ शुभम्।